# राष्ट्रिय स्वतन्त्र पार्टी

को

## वडा अधिवेशन कार्यविधि २०८१

**(पहिलो संशोधन)**

केन्द्रीय कार्यालय

वनस्थली, काठमाडौं

**राष्ट्रिय स्वतन्त्र पार्टीको**

# वडा अधिवेशन कार्यविधि २०८१

## (पहिलो संशोधन)

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान तथा स्थापित विधि बमोजिम वडा अधिवेशन विधि र पद्धतिमा रही लोकतान्त्रिक प्रणाली अन्तर्गत निष्पक्ष, धाधलिरहित र आपसमा सहमतिको वातावरणमा सम्पन्न गर्न गराउन यो **वडा अधिवेशन कार्यविधि २०८१** जारी गरिएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम **"वडा अधिवेशन कार्यविधि २०८१"** रहने छ ।
ख) यो कार्यविधि केन्द्रीय संगठन विभागले जारी गरेको मितिदेखि लागू हुनेछ ।
ग) यो कार्यविधि पार्टीको पहिलो हुने वडा अधिवेशनको हकमा मात्र लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "विधान" भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टी विधानलाई जनाउनेछ भने संगठन कार्यविधि भन्नाले संगठन निर्माण कार्यविधिलाई जनाउने छ ।
ख) "निर्वाचन समिति" भन्नाले केन्द्रीय निर्वाचन आयागले वडा निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउने छ ।
ग) "संयोजक" भन्नाले गठन भएका तहगत निर्वाचन समितिको प्रमुखलाई जनाउने छ ।
घ) "निर्वाचन" भन्नाले अधिवेशन मार्फत समिति निमार्ण गर्न हुने निर्वाचनलाई जनाउने छ ।
ङ) "उम्मेदवार" भन्नाले तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेदवार हुने मनोनयन पत्र दर्ता गरेका व्यक्तिलाई सम्झनु पर्नेछ ।
च) "मतदाता" भन्नाले पार्टीको सम्बन्धित तहको अधिवेशनमा सहभागी हुन योग्य प्रतिनिधिलाई मात्र जनाउने छ ।
छ) "वडा समिति" भन्नाले पार्टीको यस कार्यविधि अनुसार गठन भएको वडा समितिलाई जनाउने छ ।
ज) "पदाधिकारी" भन्नाले वडा समितिको सभापति, उपसभापति र सचिवलाई जनाउने छ ।
झ) "वडा परिषद्" भन्नाले पार्टीको बमोजिम वडा यस कार्यविधि अनुसार गठन भएको विधान परिषद्लाई जनाउने छ ।

### ३. वडा अधिवेशनको लागि न्यूनतम मापदण्डः

क) वडा अधिवेशन गर्नका लागि सम्बन्धित वडामा न्यूनतम २१ जना पार्टी सदस्य भएको हुनुपर्नेछ ।
ख) वडामा तदर्थ वडा समिति गठन भएको हुनुपर्नेछ ।
ग) तदर्थ वडा समिति पार्टीको केन्द्रीय पोर्टलमा अनिवार्य अध्यावधिक भएको हनुपर्नेछ ।
घ) तदर्थ वडा समितिले अधिवेशन गर्न अनुसूचीमा तोकिएको फरमेटमा अधिवेशनको अनुमतिको निम्ती पालिका मार्फत जिल्ला संगठन विभागमा पठाएको हुनुपर्नेछ ।
ङ) जिल्ला संगठन विभागले सम्बन्धित वडामा अधिवेशन गर्ने बारेमा अनुमति प्रदान गरी प्रदेश संगठन विभाग र प्रदेश निर्वाचन आयोगमा जानकारी गराउनु पर्नेछ ।

### ४. वडा अधिवेशन आयोजना हुनेः

क) धारा ३ बमोजिम मापदण्ड पुगेको वडामा वडा अधिवेशन आयोजना गर्न सकिनेछ । वडा अधिवेशनमा पार्टीको वडा स्तरमा समसामयिक राजनीतिक छलफल तथा वडा समिति गठन हुनेछ ।
ख) वडा अधिवेशनको समन्वय गर्ने जिम्मेवारी पालिका संगठन विभागको हुनेछ । पालिका समितिमा संगठन विभाग गठन नभएको भए पालिका समितिले नै समन्वय गर्नुपर्नेछ । पालिका समिति गठन नभएको स्थानमा जिल्ला संगठन विभागको समन्वयमा वडा अधिवेशन गर्न सकिनेछ ।

ग) पालिका संगठन विभागले मापदण्ड पूरा भएको तदर्थ वडा समितिलाई वडा अधिवेशन गर्न जिल्ला संगठन विभागलाई अनुसूचीमा उल्लेख गरिए बमोजिम लेखि पठाउनु पर्नेछ । जिल्ला संगठन विभागले मापदण्ड पूरा भएको एकिन गरी तदर्थ वडा समितिलाई वडा अधिवेशन आयोजक समितिमा परिणत गरी वडा अधिवेशनको लिखित अनुमति दिनुपर्नेछ । पालिका समिति गठन नभएको वडाको हकमा मापदण्ड पूरा भएको भए जिल्ला संगठन विभागले उक्त तदर्थ वडा समितिलाई आयोजक समितिमा परिणत गरी वडा अधिवेशन गराउन सक्नेछ । सम्बन्धित जिल्लाको वडा अधिवेशनको निम्ती अनुमति दिएको विवरण तत्काल अनिवार्य प्रदेश संगठन विभागमा लिखित जानकारी गराउनु पर्नेछ ।

घ) जिल्ला सभापतिलाई निर्वाचन आयोगले वडा अधिवेशनको आयुक्त तोकेकोले जिल्ला सभापतिले वडा अधिवेशनको अनुमति दिदा बखत नै निर्वाचन कार्यविधि अनुरुप ३ जनाको निर्वाचन समिति तोकी पठाउनु पर्नेछ ।

ङ) जिल्ला समितिले तय गरेको वडा समिति अधिवेशन आयोजक समितिले प्रस्ताव गरेको मिति, समय र स्थानमा जिल्ला संगठन विभागले दिएको अनुमति अनुसार नै वडा अधिवेशन सञ्चालन हुनेछ ।

च) वडा अधिवेशनको निर्वाचन प्रक्रिया निर्वाचन नियमावली अनुसार हुनेछ ।

छ) वडा अधिवेशनको मिति, समय, स्थान तोक्दा होस या अधिवेशनको अनुमति दिने प्रक्रियामा वा अधिवेशन नगर्न नगराउन गरिएका क्रियाकलापमा यदि कोही कसैको निहित स्वार्थ देखिने गरी भएको पाइएमा विभागीय कारवाही हुनेछ । यदि यस्तो भएको देखिएमा केन्द्रीय संगठन विभागले निर्वाचन आयोगसँगको सहकार्यमा स्वतन्त्र, निष्पक्ष र धाधलिरहित वडा अधिवेशन गर्न आवश्यक सवै प्रक्रिया अवलम्बन गर्नेछ ।

## ५. वडा समितिको संरचना :

(क) वडा समिति न्यूनतम ३ जनादेखि अधिकतम ११ जनाको हुनेछ ।

(ख) वडा समितिमा सभापति १, उपसभापति १, सचिव १ र सदस्यहरु ६ जना वडा भेलाको प्रतिनिधिहरुबाट चयन हुनेछन् । चयन भएको वडा सभापतिले वडाको पार्टी सदस्यहरुबाट २ जना वडा समितिमा मनोनित गर्न सक्नेछ ।

(ग) वडा सभापतिको चयनको क्रममा निर्वाचन भएमा निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) को संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ ।

(घ) वडा सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी १ जना स्वतः वडा समिति सदस्य हुनेछ । यो संख्या सभापतिबाट मनोनित हुने संख्यामा मिलान गरिनेछ ।

(ङ) ११ जनाको पूर्ण समितिमा ४ जना महिला (१ जना दलित महिला सहित) अनिवार्य रूपमा हुनपर्नेछ भने युवालाई प्राथमिकतामा राखिनेछ । कुनै कारणवश यो अनुसार समावेशीता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन ।

(च) तदर्थ वडा समितिको कार्यकाल वडा अधिवेशनसम्म हुनेछ ।

## ६. वडा अधिवेशनको प्रतिनिधि :

सम्बन्धित वडामा स्थायी बसोवास भएको पार्टीको RSP APP बाट फारम भरी तोकिएको प्रक्रिया पूरा गरी वडा अधिवेशन तोकिएको मिति भन्दा ७ दिन अगाडिसम्म प्रमाणीत पार्टी सदस्यहरु वडा भेलाको प्रतिनिधि हुनेछ । हरेक प्रतिनिधिलाई वडा समितिमा उम्मेदवारी दिने अधिकार हुनेछ ।

## ७. वडा अधिवेशन आयोजना गर्दा गर्नुपर्ने कार्यहरु :

(क) वडा अधिवेशनको लागि धारा ४ बमोजिम भएको व्यहोरा एकिन गर्ने ।

(ख) वडा अधिवेशन आयोजना गर्नको लागि पालिका संगठन विभाग मार्फत जिल्ला समितिमा अनुसूचीमा उल्लेख भए बमोजिमको फरमेटमा उपयुक्त मिति, समय र स्थान समेत प्रस्ताव गरी लिखित निर्णय सहित जिल्ला संगठन विभागलाई पठाउने ।

(ग) वडा अधिवेशनको मिति, स्थान र समय साथै निर्वाचन तोकी जिल्ला संगठन विभागले पालिका समिति तथा संगठन विभागसँगको समन्वयमा ३ जनाको निर्वाचन समिति समेतको जानकारी सहित सम्बन्धित वडा तदर्थ समिति वडा अधिवेशन आयोजक समिति भएको सम्बन्धित वडा समितिलाई जानकारी सहित वडा अधिवेशनको तयारी गर्न निर्देशन दिने । साथै जिल्ला संगठन विभागले सम्बन्धित वडाको अधिवेशनको सूचना सहित फेसबुक र अन्य उपयुक्त माध्यमबाट ५ दिन अगावै सार्वजनिक सूचना जारी गर्ने । सो सूचनाको लिंक आयोजक टिमलाई म्यासेजमा पठाउने

र शेयर गर्न अनुरोध गर्ने । भेलाको सूचना सामाजिक सद्भाव कायम राखी ध्वनी प्रदुषण कम हुने गरी माइकिङ समेत गर्न सकिने छ ।

(घ) अधिवेशनको सबै अधिकार प्राप्त प्रतिनिधिहरुलाई अनिवार्य सूचना गर्ने ।

(ङ) अधिवेशन आयोजना गर्दा आवश्यक श्रोतसाधनको व्यवस्था स्थानीय रुपमा गर्ने ।

(च) अधिवेशनको उपस्थिति लिने, फोटो खिच्ने, उद्घाटनको लागि बजाउने घण्टी, सानो मापदण्ड अनुसारको ब्यानर, राष्ट्रिय झण्डा र पार्टीको झण्डा, स्थानीयमा उपलब्ध पिउने पानी, शौचालयको प्रबन्ध गर्नुपर्नेछ ।

(छ) अधिवेशन गर्दा उपस्थित पार्टीका नेताहरुको रोलक्रम अनुसार उपस्थिति जानकारी गराई (रोलक्रम अनुसूचीमा हेर्न सकिनेछ) उपस्थित मध्य माथिल्लो तहको नेताबाट १५ सेकेण्ड घण्टी बजाएर कार्यक्रम सुरु गर्ने र लगतै राष्ट्रिय गान गाउने र बाँकी कार्यक्रम संचालन गर्ने ।

(ज) अधिवेशनमा पार्टीको नेताहरु अतिथि होइनन् । आफ्नै कार्यक्रम भएकोले सहभागी हुने हो । त्यसैले अधिवेशनमा मञ्च नबनाउने, खादा, माला, टिका नलगाउने ।

(झ) यदि सहमतिमा समिति चयन प्रक्रिया पूरा गर्न नसकिएमा अधिवेशनमा उपस्थित प्रतिनिधिले एक सदस्य एक मतको आधारमा निर्वाचन गरी समिति निर्वाचित गर्नेछ । सभापति १, उपसभापति १, सचिव १ र बाँकी ६ जना सदस्यहरुको निर्वाचन हुनेछ ।

(ञ) सभापतिको पदमा निर्वाचित हुनको लागि खसेको मतको ५०%+१ मत ल्याउनु पर्नेछ । यदि २ भन्दा बढी उम्मेदवार भई कसैको पनि ५०%+१ मत प्राप्त नभएमा धेरै मत आउने २ उम्मेदवार बीच पुन मतदान गर्नुपर्नेछ ।

(ट) यदि मत बराबर आएमा लक्की ड्र गरी निर्वाचित हुने व्यवस्था गरिनेछ ।

(ठ) निर्वाचन र समिति चयन प्रक्रियाका क्रममा धाधलि वा पक्षपात गर्ने निर्वाचन मण्डल, सहजीकरण समिति, उम्मेदवार वा उम्मेदवारलाई धाधलि वा पक्षपात गरेको ठहर भएमा ५ बर्षसम्म निर्वाचनमा भाग लिन र पार्टीको जिम्मेवारीमा नरहने गरी संगठन विभागले कारवाहीको सिफारिस गर्नेछ ।

(ड) अधिवशेनमा सम्बन्धित वडाको जिल्ला केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति वा विभागहरुको सदस्य भएमा निमन्त्रणा गर्नुपर्नेछ ।

## ८. निर्वाचन समिति गठनः

निर्वाचन आयोगले निर्वाचन नियमावली तथा कार्यविविधिले तोके बमोजिम निर्वाचन समिति गठन गर्ने र उक्त निर्वाचन समितिले निर्वाचनको कार्यतालिका भेला आयोजक समितिसँगको परामर्शमा आफै तयार गर्न सक्नेछ ।

## ९. समिति गठन र प्रतिनिधित्वको लागि उमेदवारी दिनु पर्नेः

पार्टीको वडा समितिमा रहनको लागि निर्वाचन समिति समक्ष उम्मेदवार मनोनयन दर्ता गर्नुपर्नेछ । उम्मेदवारी फारममा सम्बन्धित तहका मतदाता मध्य १ जना सदस्यले प्रस्तावक र १ जना सदस्यले समर्थक बस्नु पर्नेछ । एक पदमा १ जनालाई मात्र प्रस्तावक र समर्थक बस्नु पर्नेछ । यसरी प्राप्त उम्मेदवार मनोनयन फारमसँगै उम्मेदवारले निम्नानुसारको शुल्क बुझाउनु पर्नेछ :

क. वडा समितिको उम्मेदवार मनोनयन शुल्कः सभापति रु. २००, उपसभापति र सचिव रु १५० र सदस्य रु. १०० मनोनयन शुल्क सम्बन्धित समितिको आम्दानी खातामा पारदर्शी रुपमा राख्नु पर्दछ ।

## १०. उम्मेदवार हुने योग्यताः

१. अधिवेशनको अन्तिम प्रतिनिधिहरुको नामावलीमा नाम सूचीकृत रहेको । (पार्टीको केन्द्रीय पोर्टलमा मतदाता परिचयपत्र सहित दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट सदस्यता नं. प्राप्त गरेको अनिवार्य हुनुपर्ने ।)

२. सम्बन्धित भूगोलमा स्थायी बसोबास भई मतदाता नामावलीमा नाम भई मतदाता परिचयपत्र भएको र सो व्यहोरा आफ्नो सदस्यता विवरणमा अपलोड गरी परिचयपत्रमा क्यूआर कोड प्रकाशित भएको ।

३. विगत ६ महिनादेखि पार्टी हित विपरित कुनै गतिविधि नगरेको ।

४. पार्टी हित विपरित काम गरेको आरोप लागि सजाय भुक्तान गरेको भए सो को प्रमाण भएको ।

५. पार्टीको अनुशासन आयोग वा संगठन विभागमा उजुरी परी छानबिन टुंगोमा पुगेको र सफाई पाएको ।

६. नेपाल सरकारको फौजदारी अभियोग नलागेको ।

**नोटः** हाल पार्टीको अन्य जिम्मेवारीमा रहेको भए उम्मेदवारी दिए पश्चात हाल कायम रहेको पद स्वतः रिक्त हुनेछ ।

### ११. वडा अधिवेशनबाट निर्वाचित हुने विधिः

१. वडा समिति न्यूनतम ३ जनादेखि अधिक्तम ११ जनासम्मको गठन हुनेछ । ११ जनाको पूर्ण समितिमा ४ जना महिला (१ जना दलित महिला) अनिवार्य हुनु पर्नेछ । कुनै कारणवश यो अनुसार समावेशीता कायम हुन नसके, ती पद रिक्त रहने छन् तर फरक समूहबाट पूर्ति गरिने छैन् ।
२. सभापति १, उपसभापति १, सचिव १ र ६ जना वडा समिति सदस्यको निम्ती निर्वाचन हुनेछ । बढी मत ल्याउने विजयी हुनेछ ।
३. सभापति निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्दी १ जना स्वतः वडा समिति सदस्य हुने, उक्त पद मनोनित कोटाबाट व्यवस्थापन हुनेछ । यदि यस्तो भएमा सभापतिले १ जना मात्रै मनोनित गर्न सक्नेछ ।
४. सम्बन्धित पदमा १ जना मात्रै उम्मेदवार भएमा निर्विरोध निर्वाचित हुनेछ । यसरी निर्विरोध निर्वाचित भएमा निर्वाचित सभापतिले २ जना मनोनित गर्न सकिनेछ ।

### १२. वडा परिषद्

(१) वडा परिषद् वडाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।
(२) वडा समिति निर्वाचित भएपछि वडा परिषद् देहाय बमोजिम हुनेछ ।
(क) वडा समितिका सबै पदाधिकारी तथा सदस्यहरु,
(ख) सम्बन्धित वडाका केन्द्रीय पोर्टलमा दर्ता भएका प्रति ५० जनासम्म पार्टी सदस्यहरु बराबर वडा समितिले मनोनित गर्ने १ महिला सहित २ जना प्रतिनिधिहरु (१ देखि ५० सम्म २ जना, ५१ देखि १०० सम्म ४ जना, १०१ देखि १५० सम्म ६ जना एवं रितले बढ्दै जाने)। यसरी मनोनित हुने संख्या मनोनयनको बखतको पार्टी सदस्य संख्याका आधारमा निर्धारण गरिनेछ, र पार्टी सदस्य संख्या वृद्धिसँगै मनोनित हुने संख्या एवम् रित अनुसार बढ्दै जानेछ ।

**नोटः वडा अधिवेशनमा नै सदस्य संख्या एकिन गरी परिषद् सदस्यहरु मनोनित गर्न सकिने छ ।**

(ग) वडा उम्मेदवार क्लबका सबै सदस्यहरु ।
(घ) वडा तहमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु ।
(ङ) पालिका, जिल्ला, प्रदेश, केन्द्रीय समितिमा वडाबाट प्रतिनिधित्व गर्ने सबै । पालिका, जिल्ला, प्रदेश, केन्द्रीय विभागमा पालिका प्रतिनिधित्व गर्ने पदाधिकारीहरु ।
(च) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित वडाका मतदाता ठेगाना रहेको हुनुपर्नेछ ।
(छ) वडा सभापति, उपसभापति र सचिवले वडा परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् ।
(ज) वडा परिषद् वर्षमा कम्तीमा एक पटक बस्नेछ ।

### १३. वडा समितिको काम, कर्तव्य र अधिकार

(क) वडा परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
(ख) दुई वडा परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा वडा भित्र समग्र पार्टीको नेतृत्व गर्ने ।
(ग) वडा भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको वडा समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने ।
(घ) वडा तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका वडाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने ।
(ङ) आवश्यकता अनुसार वडा समितिका सदस्यहरुको कार्य विभाजन गर्ने ।
(च) वडाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जन हितको रक्षाका लागि

जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने ।

(छ) विधान बमोजिम वडा अधिवेशन र वडा परिषद्को आयोजना गर्ने ।

(ज) वडाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ती स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने ।

(झ) पार्टीको वडा कार्यालयलाई पार्टीको प्रशासनिक एवम् दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) यस विधानमा वडा समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने ।

(ट) उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने ।

**१४. वडा समिति सदस्य तथा पदाधिकारी लेबी तिर्नुपर्ने:**

१. पार्टीको वडा समितिमा रहेकाले बार्षिक देहाय बमोजिमको लेबी तिर्नुपर्ने हुन्छ । तदर्थ समितिको लेबीको अवधि पहिलो अधिवेशनसम्मको लागि हुनेछ । सम्बन्धित समितिको सिफारिसमा जिल्ला वा पालिका संगठन विभागले लेवी नतिर्ने सदस्य, पदाधिकारीको पद रिक्त गराउन सक्नेछ । लेबी निम्नानुसारको हुनेछ ।

क) महानगर तथा उपमहानगर पालिकाको बार्षिक लेबीः सभापतिको रु २०००, पदाधिकारीको रु १५०० र सदस्यको रु १०००

ख) नगरपालिकाको बार्षिक लेविः सभापतिको रु १५००, पदाधिकारीको रु १००० र सदस्यको रु ८००

ग) गाँउपालिकाको बार्षिक लेबीः सभापतिको रु १०००, पदाधिकारीको रु ८०० र सदस्यको रु ५००

२. आर्थिक अवस्थाका कारण लेबी रकम तिर्न नसक्ने सदस्य, पदाधिकारीले सम्बन्धित समिति मार्फत लेबी मिनाहा अनुरोध फारम भर्नुपर्नेछ । पालिका समितिको निर्णयले त्यस्तो अनुरोध स्वीकृत गरेमा सो वर्षको लेबी मिनाहा गरिनेछ ।

१५. **अभिलेखीकरण तथा केन्द्रीय पोर्टलमा अध्यावधिकः**

अधिवेशनबाट निर्वाचित वडा समितिको विवरण निर्वाचन समितिले पालिका संगठन विभाग मार्फत तुरुन्तै जिल्ला संगठन विभागलाई माईन्यूटको प्रतिलिपि सहित बुझाउनु पर्नेछ । जिल्ला संगठन विभागले वडा अधिवेशन भएको ३ दिन भित्र पार्टीको केन्द्रीय पोर्टलमा अध्यावधिक गराउनु पर्नेछ । केन्द्रको पोर्टलमा अध्यावधिक भए नभएको समेत जानकारी राखी जिल्ला संगठन विभागलाई अनुगमन गर्ने कार्य प्रदेश संगठन विभागले गर्नेछ ।

**१६. सपथ ग्रहण**

क) विधानत निर्वाचित समितिलाई निर्वाचन समितिको संयोजकले माथिल्लो समितिको प्रतिनिधिको उपस्थितिमा शपथ ग्रहण गराउनेछ । संयोजकले सपथ ग्रहण गराउने अवस्था नरहेमा संयोजकले अधिकार प्रत्यायोजन गरी सपथ ग्रहण गराउन सक्नेछ ।

# शपथ पत्र

म (सम्बन्धित सदस्यको पुरा नाम) ........................................................मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्य निष्ठपूर्वक प्रतिज्ञा गर्दै ईश्वरका नाममा इमानका साथ शपथ लिन्छु कि पार्टीप्रति पूर्ण बफादार रहदै वडा समितिको...........................................पदको कामकाज प्रचलित कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ गर्नेछु ।
धन्यवाद ।

मितिः

हस्ताक्षरः
नामः
ठेगानाः

**१८. विविध**

क) निर्वाचन सम्बन्धी अन्य व्यवस्था तथा कार्यक्रम निर्वाचन आयोगको कार्यविधि अनुसार हुनेछ ।

ख) कुनै पनि कुरा चित्त नबुझेमा तत्य र प्रमाणका आधारमा पुनरावेदन गर्न पाइनेछ ।

**१९. खारेजी र बचाउः**

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएता पनि यस पार्टीको विधान एवंम् नेपालको प्रचलित नियम कानूनसँग बाझिने निर्णयहरु भने स्वतः खारेज हुनेछन् । साथै यस भन्दा अगाडि वडा अधिवेशन सम्बन्धि कार्यविधिहरु सबै खारेजी गरी उक्त कार्यविधि अनुसार भएका सबै कार्यहरु यसै कार्यविधि अनुरुप भएको मानिनेछ ।

**अनुसुचि १ – वडा अधिवेशन गर्न अनुमतिको लागि आबेदन :**

**श्री पालिका संगठन विभाग,**
**मार्फत**
**जिल्ला संगठन विभाग ।**

**विषयः वडा अधिवेशन गर्ने बारे ।**

उपरोक्त सम्वन्धमा ............................ जिल्ला .................. पालिकाको वडा नं. ...... मा मिति ..........................मा वडा भेला मार्फत तदर्थ वडा समिति गठन भई वडामा सदस्यता विस्तार अभियान समेत संचालन गरी वडा समिति केन्द्रीय पोर्टलमा अद्यावधिक समेत भई तोकिएको सबै प्रक्रिया पूरा भएकोले वडा अधिवेशन गर्न अनुमतिका लागि अनुरोध गर्दछौं ।

**वडामा रहेको सदस्य संख्याः**
**तदर्थ वडा समितिको विवरणः**
सभापतिः
उपसभापतिः
सचिवः
सदस्यहरुः

वडा अधिवेशन गर्ने प्रस्तावित मितिः प्रस्तावित समयः
प्रस्तावित स्थानः

**निवेदक :**
नाम : पदः वडा सभापति सम्पर्क नं............................... हस्ताक्षरः मितिः

**पालिकाको तर्फबाट जिल्लामा सिफारिस गर्ने संगठन विभाग प्रतिनिधिः**
नाम : पद : सम्पर्क नं............................... हस्ताक्षरः मितिः

**केन्द्रीय पोर्टलमा अद्यावधिक भएको र अन्य मापदण्ड पुरा भएको देखिएकोले अधिवेशन गर्न अनुमति प्रदान गरिएको छ ।**
वडा अधिवेशन संख्या नं.: हस्ताक्षरः मितिः
जिल्ला संगठन प्रतिनिधिको नाम : पद : सम्पर्क नं.

**अनुसुचि २ – वडा अधिवेशन उम्मेदवारी दर्ता आबेदनः**

# राष्ट्रिय स्वतन्त्र पार्टी

वडा अधिवेशन

उम्मेदवारी दर्ता फारम

मितिः..................................

आज मिति २०८१ ...... .गते.......... भइरहेको वडा अधिवेशनमा वडा समिति ................. पदमा रहनको लागि निम्न प्रस्तावक साथमा मैले मेरो उम्मेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रक्रियामा पूर्ण सर्मथन छ।

उम्मेदवारको नाम थरः

हस्ताक्षरः

जिल्लाः

पालिका वडा नं. :

प्रस्तावक नाम थरः

हस्ताक्षरः

जिल्लाः

पालिका वडा नं.

**अनुसुचि ३ – वडा समिति गठन गर्दाको माइन्यूट**

# राष्ट्रिय स्वतन्त्र पार्टी

## वडा अधिवेशनको माइन्यूट

मितिः.................................

आज मिति २०८१ ..................महिनाको ........गते यस .........................जिल्लाको ......................... पालिकाको................वडामा देहायको उपस्थितिमा भएको वडा अधिवेशनमा निम्न विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावहरु:**

१. वडा समिति गठन गर्ने बारे ।
२. जानकारी गराउने बारे ।
३. विविध

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको अधिवेशन वडा समितिमा देहाय बमोजिमको समिति चयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |
| 5. | | | | | |
| 6. | | | | | |
| 7. | | | | | |
| 8. | | | | | |
| 9. | | | | | |
| 10. | | | | | |
| 11. | | | | | |

२. प्रस्ताव नं. २ मा छलफल गर्दा यस भेलाले चयन गरेको समितिको विवरण तथा अन्य निर्णयहरुको बारेमा सम्बन्धित निकायहरुलाई जनाकारी गराउने निर्णय गरियो ।

३.